कमल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल

प.सं.: २०७७/०७८ मिति : २०७७/०५/२७

# प्रेस विज्ञप्ती ।

मिति २०७७/०५/२६ गते गाउँपालिका अध्यक्ष श्री मेनुका काफ्लेज्यू को अध्यक्षतामा बसेको कार्यपालिका बैठकबाट मिति २०७७/०५/२७ गते राति १२.०० बजे सम्म जारी भएको निषेधाज्ञालाई अर्को सूचना जारी नहुन्जेल सम्मको लागि देहाय अनुसार हुने गरि केहि खुकुलो पार्ने निर्णय भएकोले निर्णयलाई पूर्ण पालना र कार्यान्वयनका लागि सबैमा अनुरोध गर्न यो सूचना जारी गरिएको छ ।

१. दैनिक उपभोगका सामानहरु खरिद बिक्री गर्नका लागि प्रत्येक दिन साँझ ४.०० बजेसम्म मात्र पसल, व्यापार, व्यवसायहरु खोल्न पाइने, खोल्दा समेत भौतिक दुरी कायम गरि अनिवार्य रुपमा मास्क, सेनिटाइजरको प्रयोग गर्नु पर्ने । भीडभाड गरि खरिद बिक्री गर्न नपाईने ।
२. औषधी पसल नियमित रुपमा खुल्ला रहने ।
३. एम्बुलेन्स, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरकारी नम्बर प्लेट भएका सवारी साधन, सन्चारकर्मी र सवारी पास भएका साधन र अति आवश्यक सेवा दिन प्रयोग गर्ने साधन बाहेक अन्य सबै प्रकारका सवारी साधनहरु चलाउन नपाईने । तर सिटी सफारी र टेम्पो सन्चालन गर्न पाइने सन्चालन गर्दाका वखत एकपटकमा एक जना मात्र यात्रु राखि मास्क र सेनिटाइजरको अनिवार्य रुपमा प्रयोग गरी सन्चालन गर्नु पर्ने ।
४. निर्माणका कार्यहरु भौतिक दुरी एवं स्वास्थ्य मापदण्डको पालना गरि सन्चालन गर्न सकिने ।
५. सबै प्रकारका भेला, जुलुस, सभा, सम्मेलन, जात्रा, महोत्सव, पर्वमा मानिसहरु भेला हुन पूर्ण रुपमा बन्द गरिएको ।
६. बैंक, वित्तीय संस्था र सहकारीहरु प्रत्येक दिन नियमित रुपमा सन्चालन हुने ।
७. पि.सि.आर.(स्वाब संकलन) गरिएका व्यक्तिहरु रिपोर्ट नआउन्जेलसम्म होम क्वारेन्टाइनमा अनिवार्य रुपान बस्नु पर्ने । साथै विदेशबाट कोरोना नेगेटिभ भै नेपाल आई गाउँपालिकाको इजाजतबाट घरमा नै क्वारेन्टाइनमा बसेका व्यक्तिहरु १४ दिनसम्म अनिवार्य रुपमा घरमा बस्नु पर्ने । बाहिर हिंडडुल गर्न नपाईने हिंडडुल गरेको पाइएमा जुनसुकै वखत गाउँपालिकाको क्वारेण्टाइनमा राखिने ।
८. सकेसम्म घर बाहिर नजाने जानु परेको अवस्थामा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने ।
९. उल्लेखित निर्णयको पूर्ण रुपमा पालना गर्नु पर्ने, उल्लंघन हुने गरी कसैले कुनै पनि गतिविधि गरे गराएमा गाउँपालिका, प्रहरी, प्रशासनद्वारा प्रचलित कानून अनुसार कारवाहि हुनेछ ।

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत